COLUMBUS CITY SCHOOLS

२०२६-२०२७ देखि, एलिमेन्ट्री (प्राथमिक) र मिडल (माध्यमिक) विद्यालयको यातायात क-कसले पाउनेछ?

- २०२६-२०२७ देखि, विद्यालयबाट २ माइल भन्दा बढी टाढा बस्ने आफ्नो घरको ठेगाना अनुसार तोकिएको विद्यालयमा पढ्ने विद्यार्थीहरू, वा १००% लट्री स्कूलमा पढ्ने विद्यार्थीहरू, ठेगाना अनुसार तोकिएको विद्यालय बाहेक अन्य विद्यालयमा राखिएका विशेष सेवाहरू प्राप्त गर्ने विद्यार्थीहरू, वा ठेगाना अनुसार तोकिएको विद्यालयबाट विस्थापित भएका विद्यार्थीहरूलाई मात्र यातायात प्रदान गरिनेछ।

२०२६-२०२७ शैक्षिक सत्रदेखि कस्तो यातायात प्रदान गरिने छैन?

- ठेगानाका आधारमा तोकिएको विद्यालय नभएको र १०० % (प्रतिशत) लट्री स्कूल नपर्ने विद्यालयमा पढ्ने केजिदेखि कक्षा ८ सम्मका विद्यार्थीहरूकालागि सि सि एसले यातायात प्रदान गर्ने छैन।

कुन-कुन एलिमेन्ट्री (प्राथमिक) र मिडल (माध्यमिक) स्कूलहरू १००% लट्री स्कूल हुन्?

- Arts Impact Middle School
- Africentric Elementary & Middle School
- Columbus City Prep School for Boys
- Columbus City Prep School for Girls
- Columbus Spanish Immersion
- Duxberry Park
- Ecole Kenwood
- Indianola K–8
- Oakland Park
- World Language Middle School

यातायात परिवर्तनबाट प्रभावित हुने १००% लट्री नभएका एलिमेन्ट्री (प्राथमिक) र मिडल (माध्यमिक स्कूलहरू कुन-कुन हुन्?

मिडल स्कूल्स (माध्यमिक स्कूलहरू)

- Buckeye, Champion, Dominion, Hilltonia, Johnson Park, Linden-McKinley (7–8), Medina, Mifflin, Ridgeview, Sherwood, South (7–8), Wedgewood, Westmoor, and Woodward Park

एलिमेन्ट्री (प्राथमिक) स्कूलहरू

- Alpine, Avalon, Avondale, Berwick, Binns, Burroughs, Cassady, Cedarwood, Clinton, Colerain, Como, Cranbrook, Devonshire, Eakin, East Columbus, East Linden, Eastgate, Easthaven, Fairmoor, Forest Park, Gables, Georgian Heights, Hamilton STEM, Highland, Hubbard, Huy, Indian Springs, Innis, Leawood, Liberty, Lincoln Park, Lindbergh, Linden STEM, Livingston, Maize, North Linden, Northgate, Northtowne, Oakmont, Ohio Avenue, Olde Orchard, Parkmoor, Parsons, Salem, Scottwood, Siebert, Shady Lane, South Mifflin, Southwood, Starling, Stewart, Sullivant, Trevitt, Valley Forge, Valleyview, Watkins, Weinland Park, West Broad, West Mound, Westgate, Windsor STEM, Winterset, and Woodcrest

कलम्बस सिटी स्कूल्स (सि सि एस) कालागि यातायात सेवा पाउन योग्यताका आवश्यकताहरू के के हुन्?

- विद्यार्थीहरू आफ्नो तोकिएको गृह स्कूल वा आफ्नो १००% लट्री स्कूलबाट आफ्नो बसोबास **२ माइल भन्दा बढी** टाढा हुनुपर्छ र आफू कलम्बस सिटी स्कूल्सको सीमा भित्र बसोबास गरेको हुनुपर्छ।

के त्यहाँ केही अपवादहरू छन्?

- छन्, विशेष सेवाहरू (स्पेसलाइज्ड सर्विसेस्) कालागि छुट्याइएका विद्यार्थीहरूले स्कूलको प्रकार जस्तोसुकै भए पनि यातायात सेवा प्राप्त गर्न जारी राख्नेछन्।

स्कूल छनौट प्रयोग गरेर मेरो विद्यार्थी भर्ना गर्न म चहान्छु भने मैले के विचार गर्नुपर्छ?

- परिवारहरूले जनवरी महिनामा १०० % लट्री नभएका स्कूलहरूमा आवेदन दिने परिवारहरूले वैकल्पिक यातायात सेवाको योजना बनाउनुपर्छ। परिवारहरूले स्कूल छनौट विकल्पहरूमा पुनर्विचार गर्न सक्छन् वा यातायात उपलब्ध हुने नहुने पुनः विचा गरि आफ्नो घरको ठेगानामा आधारित तोकिएको स्कूलमा फर्कन पनि सक्छन्।

हाई स्कूलको यातायात सेवामा कस्ता परिवर्तनहरू गरिनेछ?

- **२०२६-२०२७ शैक्षिक वर्ष**कालागि हाई स्कूलकालागि यातायात सेवामा **कुनै परिवर्तन छैन**। भविष्यका वर्षहरूमा यातायात सेवामा समीक्षा हुन सक्छ तर यो समयमा बोर्ड-अनुमोदित कुनै परिवर्तनहरूको योजना गरेको छैन। सि सि एसले हाई स्कूलकालागि यातायात सेवामा भविष्यका विकल्पहरू अन्वेषण गर्न स्थानीय साझेदारहरूसँग काम गर्न जारी राख्नेछ।

मेरो परिवारले २०२६-२०२७ शैक्षिक वर्षकालागि कस्तो योजना बनाउनुपर्छ?

- स्कूलका कार्यहरू (एसाइनमेन्टहरू) ध्यानपूर्वक समीक्षा गर्नुहोस्। घरबाट स्कूलको दूरी के कति छ जाँच गर्नुहोस्। आवश्यक परेमा घरको ठेगाना अद्यावधित गर्नुहोस्। २०२६-२०२७ स्कूल वर्षकालागि यातायात सेवाबारे पहिले नै योजना बनाउनुहोस्।

थप जानकारीकालागि म कसलाई सम्पर्क गर्न सक्छु?

- स्कूल छनौट र यातायात सेवा बारे थप जानकारीकालागि, कृपया सि सि एसलाई Schoolchoice@columbus.k12.oh.us मा ईमेल गर्नुहोस् वा 614-365-7459 मा सम्पर्क गर्नुहोस्।